आज मिति २०७७/०९/०५ गतेका दिन दिउँसो २:०० बजे धनगढी उप-महानगरपालिका का नगर प्रमुख श्री नृप वहादुर वड ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री नृप वहादुर वड | नगर प्रमुख | |
| २ | श्री सुशीला मिश्र भट्ट | नगर उप- प्रमुख | |
| ३ | श्री सन्तोष मुडभरी | कार्यपालिका सदस्य | |
| ४ | श्री नर वहादुर बम | कार्यपालिका सदस्य | |
| ५ | श्री दल वहादुर ऐर | कार्यपालिका सदस्य | |
| ६ | श्री दिपक कुमार थापाक्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री हिरा सिंह पातली | कार्यपालिका सदस्य | |
| ८ | श्री भागीराम चौधरी | कार्यपालिका सदस्य | |
| ९ | श्री सिताराम राना | कार्यपालिका सदस्य | |
| १० | श्री नारायण प्रसाद वराल | कार्यपालिका सदस्य | |
| ११ | श्री प्रेम भण्डारी | कार्यपालिका सदस्य | |
| १२ | श्री राजेन्द्र राना | कार्यपालिका सदस्य | |
| १३ | श्री गंगा राम राना | कार्यपालिका सदस्य | |
| १४ | श्री गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | |
| १५ | श्री विजय राज जोशी | कार्यपालिका सदस्य | |
| १६ | श्री राम वजारी चौधरी | कार्यपालिका सदस्य . | |

| | | | |
|---|---|---|---|
| १७) | श्री फुल राम चौधरी | कार्यपालिका सदस्य | |
| १८) | श्री लक्ष्मी नारायण चौधरी | कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राना | कार्यपालिका सदस्य | |
| २०) | श्री मुरारी अधिकारी | कार्यपालिका सदस्य | |
| २१) | श्री तिलु राम चौधरी | कार्यपालिका सदस्य | |
| २२) | श्री सिता राना | कार्यपालिका सदस्य | |
| २३) | श्री वसन्त कुमार ठाकुर | कार्यापालिका सदस्य | |
| २४) | श्री कल्याणी सिंह | कार्यापालिका सदस्य | |
| २५) | श्री गीता पन्त | कार्यपालिका सदस्य | |
| २६) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २७) | श्री प्रेम वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २८) | श्री रिष्मी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २९) | श्री प्रेम सिह विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३०) | श्री जगन्नाथ पन्त | प्रमुख प्रशासकीय अधिकृत | |

३१ [illegible] राम भट्ट आमन्त्रित

**प्रस्ताव नं. १. भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन सम्बन्धमा।**

**निर्णय नं. १ :** भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ बमोजिम कार्य गर्न नेपाल सरकार, भूमि सम्बन्धी समस्या समाधान आयोग, काठमाडौँ र यस धनगढी उप-महानगरपालिका बीच मिति २०७७/०९/०२ गतेका दिन समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको र सो अनुरुप गर्नु पर्ने कार्यविधि सम्बन्धमा आजको वैठकमा प्रस्तुती भई जानकारी भयो। उक्त कार्यविधि को दफा ३ को उपदफा (३) ले दिएको अख्तियार बमोजिम दफा ३ को उपदफा (१) र उपदफा (२) बमोजिम देहाय बमोजिमका सहजीकरण समितिहरु गठन गर्ने निर्णय गरियो।

**देहाय:**

(क) धनगढी उप-महानगरपालिका भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति :

(१) नगर प्रमुख श्री नृप वहादुर वड- संयोजक

(२) नगर उप- प्रमुख श्री सुशीला मिश्र भट्ट- उप संयोजक

(३) राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका जिल्ला (स्थानीय) प्रमुख वा निजले तोकि पठाउने राष्ट्रिय मान्यताप्राप्त हरेक दलका १/१ जना स्थायी प्रतिनिधीहरु - सदस्य

(४) महिला सदस्यहरु मध्येबाट श्री गीता पन्त र राधा वि.क. (दलित महिला)- सदस्य

(५) संयोजक (नगर प्रमुख) ले मनोनयन गरेका भूमि, आवास लगायतका क्षेत्रमा काम गरि रहेका संघ संस्था, संगठन वा नागरिक समाजका प्रतिनिधि मध्येबाट

श्री दान वहादुर गौतम- सदस्य

(धनगढी उप-महानगरपालिका १, राष्ट्रिय भूमि अधिकार मन्च संस्था)

श्री तारा सार्की (महिला)- सदस्य

(वडा नं. १६, राष्ट्रिय दलित नेटवर्क संस्था)

(६) प्रमुख प्रशासकीय अधिकृत- सदस्य सचिव

(ख) वडास्तरीय भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति : (हरेक वडामा रहेने गरी १९ वटा)

(१) वडा अध्यक्ष- अध्यक्ष

(२) वडा सदस्यहरु- सदस्य

(३) सम्बन्धित वडाका वडा अध्यक्षको सिफारिसमा नगर प्रमुखले मनोनयन गर्नु हुने भूमि, आवास लगायत क्षेत्रमा काम गरि रहेका संघ संस्था वा नागरिक समाजका कम्तिमा एक महिला सहित दुइ जना प्रतिनिधि- सदस्य

(४) वडा सचिव- सदस्य सचिव

(ग) उक्त कार्यविधिको दफा ४ मा प्रावधान भए बमोजिमको भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको विवरण र तथ्याङ्क संकलन इकाई स्थापना गर्ने निर्णय गरियो। यस उप-महानगरपालिका क्षेत्रमा १५ हजार देखी २० हजार घरधुरी भूमिहीन र अव्यवस्थित बसोबासी रहेको अनुमान गरियो।

**प्रस्ताव नं. २. बैक जमानत धरौटी सम्बन्धमा।**

**निर्णय नं. २ :** चालु आ.व. ०७७/७८ का लागि नदिजन्य पदार्थ उत्खनन्, संकलन र विक्रि वितरणका लागि प्रथम पटक बोलपत्र आह्वानको सूचना बमोजिम बोलपत्र पेश गरेकाहरु मध्ये (क) सबभन्दा बढी रकम अंक कवोल गर्ने दिक्षा ट्रेडर्स एण्ड

सप्लायर्स धनगढी-४ लाई सम्झौता गर्न पत्राचार गरिएकोमा निजलाई लामो समय मौका दिदा पनि दोस्रो, तेस्रो किस्ताको हुने रकम बराबरको बैंक ग्यारेन्टी पेश गर्न नसकेको, पहिलो किस्ता बराबरको रकम पनि आंशिक मात्र जम्मा गरेको, सम्झौता नगरि र अनुमती नै नलिई नदि, खोलामा गई अनाधिकृत रसिद काटी नदीजन्य पदार्थ संकलन गरी अवैध रुपले विक्रि गरी जम्मा गरेको रकम बराबर उठाएको पाइदा निजको बोलपत्र साथ पेश गरेको बैङ्क ग्यारेन्टी जमानत र आंशिक मात्र जम्मा गरेको रु. ५६,३०,०००।- (छपन्न लाख तिस हजार) समेत जफत गर्ने गरी भएको निर्णय ५४ औं वैठकबाट अनुमोदन भएकोमा निजले मिति ०७७/०८/२६ मा दिएको निवेदन उपर पुनर विचार गर्नु पर्ने देखिएन।

(ख) उक्त बोलपत्र प्रकृयामा दोस्रो बढी र तेस्रो बढी रकम अंक कवोल गर्नेले पनि सम्झौता गर्न नआएकाले वैक ग्यारेन्टी धरौटी जफत गर्ने निर्णय चित्त नबुझेको भनी कार्यपालिका वैठकबाट पुनरनिर्णय गरिपाउँ भनि मिति २०७७/०८/१८ मा छुट्टा छुट्टै निवेदन दिएको सन्दर्भमा छलफल गर्दा निजहरुको निवेदन व्यहोरामा सवभन्दा बढी कबोल गर्नेले अवैध रुपमा नदिजन्य पदार्थ उठाई लगि सकेको र कार्यालयले पनि समय समयमा अमानतमा नदिजन्य पदार्थ संकलन र विक्रि गरेको कारण जनाई सम्झौता गर्न नसक्ने भन्ने मुख्य जिकिर रहेको, त्यस समयमा कार्यालयको तर्फबाट अमानत समेतबाट उठाइएको परिमाण र रकम कार्यपालिका वैठकबाट छुट हुने निर्णय गराउने गरी सम्झौतामा राखी दिन्छौ सम्झौता गर्नुहोस भनि छलफल हुँदा दोस्रो बढी कबोल गर्ने भवानी कन्स्ट्रक्सनले त्यस्तो हिसाब एकिन ननिस्कने भन्दै इन्कार गरेका र तेस्रो बढी कबोल गर्ने भूमिराज विल्डर्सले सम्झौताका लागि २ पटक प्रतिनिधि तोकि पठाएकोमा प्रतिनिधिले सम्झौता नगरेको अवस्था हुँदा र पहिलो बढी कबोल गर्नेको भन्दा दोस्रो र तेस्रोको क्रमश रु. ६६५११५१।- र रु. १२३५०६५१।- कम रहेको अवस्था देखिन्छ। यसमा निजहरुले बोलपत्र साथ पेश गरेको बैक ग्यारेन्टी धरौटी जफत गर्ने गरि गरिएको पूर्व निर्णय नै कायम गर्ने वा निजहरुको निवेदन बमोजिम धरौटी फुकुवा गरि दिने भन्ने सम्बन्धमा अन्तिम निर्णय गर्नका लागि कानूनी राय लिई राय प्राप्त भएपछि अर्को वैठकमा ( बैङ्क ग्यारेन्टीको म्याद भित्रै) पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३. नगर शिक्षा योजना सम्बन्धमा।**

**निर्णय नं. ३ :** सीमान्तकृत वालवालिकाहरुको शिक्षामा सहयोग परियोजना (स्टेम टु) को सहयोगमा सहभागितामूलक प्रकृयाबाट तयार गरिएको धनगढी उप-महानगरपालिकाको नगर शिक्षा योजनालाई आगामी नगरसभामा अनुमोदनका लागि पेश गर्ने गरी स्वीकृत गरियो। साथै स्टेम टु लाई सहयोगका लागि धन्यवाद दिने निर्णय गरियो।

**प्रस्ताव नं. ४. वातावरण मैत्री शहरी बृक्षारोषण अभियान (उद्यान निर्माण) सम्बन्धमा।**

**निर्णय नं. ४ :** संघीय सरकार, वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग को मिति २०७७/०७/२७, च.नं. २७६ को पत्रानुसार विभागको वार्षिक कार्यक्रम अनुसार वातावरण मैत्री शहरी वृक्षारोपण अभियान (उद्यान निर्माण) लागत सहभागिता कार्यक्रममा यस धनगढी उप-महानगरपालिकाको लागि रु. १,००,००,०००।- (अक्षरेपी एक करोड) रकम विनियोजन भएकोमा नगरपालिकाबाट लागत सहभागिता स्वरुप कम्तिमा २० प्रतिशत व्योहोर्नुपर्ने प्रावधान रहेकोमा यस धनगढी उप-महानगरपालिका वडा नं. ९ र १ को त्रिवेणी क्षेत्रमा रहेको खाली जग्गामा पार्क/ उद्यान/ सौन्दर्यिकरण कार्यविधि, २०७७ अनुसार Eco Friendly Park निर्माण गर्न डी.पि.आर. तयार गरी यहि पौष १५ गते भित्र वातावरण विभाग, काठमाडौंमा प्रस्ताव पेश गर्ने र सो कार्यक्रमका लागि आवश्यक पर्ने २० प्रतिशत लागत सहभागिता वापतको रकम र डि.पी.आर. तयारीका लागि आवश्यक पर्ने परामर्श सेवाको रकम भैपरी पूजीगत (साँझेदारी) शिर्षकबाट व्योहोर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ५. विविध।**

(क) यस धनगढी उप-महानगरपालिका वडा नं. १८ का दलित महिला सदस्य श्री दुर्गा सार्कीको हालैका दिनमा दुर्घटनामा परी ढाँड तथा कम्मर फ्याक्चर भई उपचारको लागि लामो समय र धेरै खर्च हुने तर निजको आर्थिक अवस्था अत्यन्तै

कमजोर भएकाले निजलाई रु. १,००,०००।- (अक्षरेपी एक लाख) नगरकार्यपालिका कार्यालयबाट सहयोग गर्ने निर्णय गरियो ।